**आकाशवाणी समाचार- नेपाली**

मितिः ०३ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

१. दक्षिण चौबीस परगना जिल्लाको फाल्टा विधानसभा सीटमा मतदान रद्ध सबै २८५ मतदान केन्द्रहरूमा २१ मईको दिन मतदान अनि २४ मईको दिन मतगणना गराईनेछ।

२. राज्यका २९४ मध्ये २९३ सीटको मतबणना भोली कड़ा सुरक्षा बीच हुनेछ। ७७ मतगणना केन्द्रहरूका लागि चुनाव आयोगले थप पर्यवेक्षकहरू नियुक्त गरिएको छ। चुनाव आयोगले सबै तयारीहरू पुरा गरेको छ।

३. दार्जीलिङ्को बदमताम हतयाकाण्डमा दुई अभियुक्तलाई पुलिसले पक्राउ गरेको छ।

४. मतगणना अधि राज्यमा बीजेपी र टिएमसी ले शीर्ष स्तरीय बैठक गरेका छन् ।मतगणना संबधित आ-आफ्ना एजेन्टहरू र उम्मेद्वारहरूलाई सतर्क रहने निर्देश दिएका छन्।

५. गोजमुमोले पार्टी विरोधी क्रियाकलाप रेकोमा खरसांग महकुमा सचिव सरन देवानलाई निस्कासित गरेको छ।

**<u>EC Falta Repoll</u>**

चुनाव आयोगले पश्चिम बंगालको दक्षिण २४ परगना जिल्लाको Falta विधानसभा निर्वाचन क्षेत्रमा सम्पूर्ण मतदान प्रक्रिया रद्द गर्ने असाधारण कदम चालेको छ। २१मई मा यस निर्वाचन क्षेत्रका सबै २८५ मतदान केन्द्रहरूमा नयाँ मतदान हुनेछ। मतगणना २४ मई मा हुनेछ। २९अप्रिल मा भएको मतदानमा गम्भीर चुनावी अपराध र लोकतान्त्रिक प्रक्रियाको व्यापक उल्लङ्घनको रिपोर्ट आएपछि आयोगले यो निर्णय लिएको बताएको छ।

पर्यवेक्षकहरूले रिपोर्ट गर्दा इलेक्ट्रोनिक मतदान मसिनसँग छेडछाड, मतदाताहरूलाई धम्की र मतदान नियमहरूको उल्लङ्घन लगायत गम्भीर अनियमितताहरू दस्तावेज गरिएको छ। धेरै मतदान केन्द्रहरूमा, इलेक्ट्रोनिक मतदान मेसिनका बटनहरू जानाजानी कालो टेपले छोपिएका थिए, जसले गर्दा मतदानमा बाधा पुगेको थियो। अनधिकृत व्यक्तिहरू मतदान केन्द्रहरूमा प्रवेश गर्दै र अरूको तर्फबाट मतदान गरिरहेको पनि भेटिएको जानकारी प्राप्त भएको छ ।

**<u>निर्वाचन आयोग - गणना पर्यवेक्षकहरू</u>**

पश्चिम बंगाल विधान सभा चुनावको मतगणना कड़ा सुरक्षा बीच भोली हुने छ। चुनाव आयोगले यसका लागि सबै तयारीहरू पुरा गरि सकेको छ। मतगणना सुचारू ढंगमा सम्पन्न गराउन चुनाव आयोगले पश्चिम बंगालमा थप मतगणना पर्यवेक्षकहरू र पुलिस पर्यवेक्षकहरू खटाएको छ। मतगणना पर्यवेक्षकहरूलाई सहयोग गर्न एक सय पैंसट्ठी थप मतगणना पर्यवेक्षकहरू नियुक्त गरिएको छ। मतगणना केन्द्रहरू वरिपरि सुरक्षा सुदृढ पार्न र कानून व्यवस्थाको पालना गर्न ७७ पुलिस पर्यवेक्षकहरूलाई पनि खटाइएको छ।

आयोगको आदेशमा स्पष्ट गरिको छ कि पुलिस पर्यवेक्षकहरू कुनै पनि परिस्थितिमा मतगणनाको दिन मतगणना कक्षमा प्रवेश गर्नेछैनन्।

**---------- बाइट ----**

**<u>निर्वाचन आयोग - गणना पर्यवेक्षकहरू</u>**

पश्चिम बंगाल विधान सभा चुनावको मतगणना कड़ा सुरक्षा बीच भोली हुने छ। चुनाव आयोगले यसका लागि सबै तयारीहरू

पुरा गरि सकेको छ। मतगणना सुचारू ढंगमा सम्पन्न गराउन चुनाव आयोगले पश्चिम बंगालमा थप मतगणना पर्यवेक्षकहरू र पुलिस पर्यवेक्षकहरू खटाएको छ। मतगणना पर्यवेक्षकहरूलाई सहयोग गर्न एक सय पैंसट्ठी थप मतगणना पर्यवेक्षकहरू नियुक्त गरिएको छ। मतगणना केन्द्रहरू वरिपरि सुरक्षा सुदृढ पार्न र कानून व्यवस्थाको पालना गर्न ७७ पुलिस पर्यवेक्षकहरूलाई पनि खटाइएको छ। आयोगको आदेशमा स्पष्ट गरिको छ कि पुलिस पर्यवेक्षकहरू कुनै पनि परिस्थितिमा मतगणनाको दिन मतगणना कक्षमा प्रवेश गर्नेछैनन्।

यसरी नै तमिलनाडु विधानसभा चुनावको मतगणना भोलि बिहान ८ बजे देखि निर्धारित सबै ६२ वटा मतगणना केन्द्रहरूमा कड़ा सुरक्षा बीच सुरु हुनेछ। मतगणनाका लागि कुल १०ए५४५ कर्मचारी खटाइनेछन्। उनीहरूलाई ४ए६२४ माइक्रो-पर्यवेक्षकहरूले सहयोग गर्नेछन्। हाम्रा संवाददाताले रिपोर्ट गरेका छन् कि प्रत्येक विधानसभा निर्वाचन क्षेत्रका लागि एक पर्यवेक्षक सहित कुल २३४ मतगणना पर्यवेक्षकहरूले सम्पूर्ण प्रक्रियाको निगरानी गर्नेछन् र आयोगको हालको निर्देशनहरूको कडाइका साथ पालनलाई सुनिश्चित गर्नेछन्।

**<u>बदमताम हत्यारोपी</u>**

दार्जीलिङ्को बदमताममाएक मईको राति भएको एक हत्याकाण्डका दुई अभियुक्तहरूलाई दार्जीलिङ पुलिसले पक्राउ गरेको छ। एउटा विवाह समारोहबाट फर्किन्दै गर्दा राति विजय लामाको ळयता गरिएको थियो। हत्यारा उमेश मुखिया र एक नाबालिकलाइ पक्राउ गरी पुलिसले हिजो दार्जीलिङ अदालतमा पेश गरयो। न्यायाधीशले हत्यारालाई ४ दिने पुलिस रिमाण्डमा पठाएको छ भने हत्यारोपी नाबालिकलाईजलपाईगुड़ी बालसुधारगृहमा पठाएको छ। प्राप्त जानकारी अनुसर सबै जना एक विवाह समारोहबाट राति घर फर्किन्दा आपस्ताम विवाद भएको थियो। विवाद पछि मृतकमाथि दुवैआरेपीहरूले प्राणधातक हमला गरेका थिए। पुलिसले घटनको जाँच गरिरहेको छ।

**<u>टिएमसी बीजेपी काउन्टिंग</u>**

पश्चिम बंगाल विधानसभ्श्राचनाव अघि हिजो टिएमसीका शीर्ष नेताहरू मुख्यमंत्री ममता व्यानज्री तथा महासचिव अभिषेक व्यानज्रीले पार्टीका सबै उम्मेद्वारहरू तथा मतगणना एजेन्टहरूसित  एउटा महत्वूपर्ण भर्चुअल बैठक गरे। यसमा पार्टीका सबै शीर्ष नेताहरू उपस्थित थिए। बैठकमा पार्टीका मतगणना एजतेन्टहरूलाई सावधान सर्तक र सजग रहने निर्देश दिन्दै बाहिरबाट खना समेत नखाने निर्देश दिनुभयों उहाँले मतगणना हुन्दा एकदमै ध्यानपूर्वक सबै गतिविधिहरूमाथि नजर राख्न अनि सबैलाई सतर्क गराउनुभयो। अभिशेक व्यानर्जीले मतगणना केन्द्र भित्रको कुनै पनि अप्रत्याशित गतिविधि तथा मतगणना अपडेट जानकारीहरू पल पल शीर्ष नेतृत्व दिने निर्देश दिनुभयो। यस बैठकमा मुख्यमंत्रीले २०० भन बड़ी सीट जित्ने तथा एक्जिट पोल लाई बीजेपीको प्रोपोगान्डा बताउनुभयो। उहाँले अझ भन्नुभयो- केन्द्रिय सुरक्षा बलका जवानहरू अनि चुनाव आयोगले मानिसहरूमाथि अत्याचार र अन्याय गरेका छन्। यस विधानसभाचुनावमा अन्याय र अत्याचार सहेर पनि पार्टीका लागि डटेर खड़ा हुने पार्टी कार्यकर्ताहरूलाई सम्मानित गरिने कुरा ममता व्यानर्जीले भन्नुभयो।

***अर्कोतिर मतगणनालाई लिएर बीजेपी ले पनि सिलगड़ी मालदा सहित सबै सांगठनिक विभागहरूमा पार्टी पदाधिकारीहरू , उम्मेद्वारहरू र मतगणना एजेन्टहरूसित बैठक गरि उचित दिशा निर्देश दिएको छ।कोलकातामा भएको ठूलो बैठकमा पार्टी प्रभारी र केन्द्रिय मंत्री भूपेन्द्र यादव, बिहारका मंत्री मंगल पाण्डे , पार्टी महासचिव सुनिल बंसल , पार्टी प्रदेश अध्यक्ष सौमिक भट्टाचार्य सहित शीर्ष नेताहरूले बैठमा मतगणनाको बेला सबै सतर्कता र सावधानीहरू अपनाउने निर्देश दिएका छन्। यसरी नै पार्टी पदाधिकारीहरू  र पार्टी उम्मेद्वारहरूलाई मतगणना पछि आफ्नो क्षेत्र नडोड़ने तथा नबोलाई कोलकाता पनि नआउने निर्देश दिएको छ। बैठकमा भाजपाको जीत निश्चित रहेको दावी गर्दै पूर्ण बहुमतले भाजपाको सरकार गठित हुने विश्वास व्यक्त गरिएको छ। पार्टीले आफ्नो स्तरमा मतगणना संबोधित जानकारी र दिशानिर्देशहरू सबैलाई दिएको सुत्रहरूले बताएका छन्।***

**<u>गोजमुमो</u>**

गोजमुमोले पार्टी विरोधी क्रियाकलाप रेकोमा खरसांग महकुमा सचिव सरन देवानलाई निस्कासित गरेको छ।

**सूचना तथा प्रसारण मन्त्रालय - प्रसार भारती अध्यक्ष**

सूचना तथा प्रसारण मन्त्रालयले सञ्चार विज्ञ प्रसून जोशीलाई भारतको लोक सेवा प्रसारक प्रसार भारतीको नयाँ अध्यक्ष पदमा नियुक्त गरेको छ। श्री जोशी आफ्नो लोकप्रिय चलचित्र गीत र विज्ञापनहरूका लागि देशभर प्रसिद्ध छन्। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नु भएको छ कि उनको नेतृत्वमा प्रसार भारतीले नयाँ ऊर्जा, उद्देश्य र रचनात्मकताका साथ काम गर्नेछ। श्री प्रसून जोशीले केन्द्रीय चलचित्र प्रमाणन बोर्डको अध्यक्षको रूपमा पनि काम गरिसकेका छन्।

**गोरामुमो – कालेबृङ**

गोरखा राष्ट्रिय मुक्ति मोर्चा अध्यक्ष मन घिसिंले पार्टी विस्तारेका क्रममा हिजो कालेबुङको भ्रमण गर्नुभयो। उनी कालेबुङ २४ नम्बर समष्टि समथारमा पार्टी काम्रकर्ताहरूलाई संबोधित गर्नुभयो कालेबुङ ब्रांच कमिटि अध्यख बुद्ध तामंगले जानकारी दिए अनुसार मन घिसिंगले भन्नुभयो – केन्द्रिय गृहमंत्री अमित शाहले गोरखाहरूलाई संवैधानिक व्स्था दिन वाचा गर्नुभएको छ। उहाँले अझ भन्नुभयो –यदि गोरखाल्याण्ड दिनु नसकेको खण्डमा छैटौ अनुसूची संवैधानिक व्यवस्था हो भनी हामी बुझछौ। उहाँले छैटौ अनुसूची अधिबाटै सम्झौता भइसकेको कुरा हो भनी बातए। छैटौ अनुसूची का लागि जीएनएलएफ को संघर्ष जारी रहने उदल्लेख पनि उहाँले गर्नुभयो।

****** ० ******